## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १३ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ ,जलपाईगुड़ी, कुचबिहार तथा अलिपुरद्वार लोकसभा चुनावको प्रचार अभियान तेज भएको छ।

२. दार्जीलिङ , मिरिक , खरसांग कालेबुङ र सिलगुड़ीमा भव्य रूपमा नेपाली नौ वर्ष पहिलो वैशाख भव्य शोभायान अनि सांस्कृतिक समारोहका साथ सम्पन्न भयो।

३. पश्चिम बंगालकी मुख्य मंत्री ममता व्यानर्जीले पहिलो वैशाखको शुभकामना र बधाई दिनुभएको छ।

४. खरसांगका बीजेपी विधायक बी.पी बजगाई को सुरक्षा केन्द्र सरकारले फिर्ता लिएको छ।

५. लोकसभा चुनाव २०२४ आदर्श आचार संहिता पालन गर्दै सिलीगुड़ी पुलिसले गरेको ाान तलाशीमा ३ लाख रूपियाँ नगद जफ्त गरेको छ।

६. आज जलियावाला बाग नरसंहार स्मृति दिवस हो। राष्ट्रपति , उपराष्ट्रपति र प्रधानमंत्रीले अमर शहीदलाई नमन गर्दै श्रदाजंली अर्पित गर्नुभएको छ।

**दार्जीलिङ लोकसभा चुनाव**

दार्जीलिङ लोकसभा चुनावको प्रचार अभियान दिन दिनै तातिन्दै गईरहेको छ। दार्जीलिङ लोकसभा सीटमा मतदान दोस्रो चरणमा २६ अप्रेलको दिन सम्पन्न हुनेछ। यसका लागि जम्मा १४ जना उम्मेद्वारहरू चुनावी मैदानमा छन्। भाजपाका उम्मेद्वार राजु विष्टले आज मंग्पु क्षेत्रमा चुनाव प्रचार गरे। सिन्कोना बगान इलाकामा चुनाव प्रचार गर्दै बगानको समग्र विकासको वाचा गरे तथा यस क्षेत्रलाई औषधीय हब बनाईने कुरो बताए। आयुर्वेद , प्राकृतिक चिकित्सा साथै वैकल्पिक उपचारलाई बढ़वा दिने कुरो बाताउँदै आफ्नो पक्षमा मतदान गर्ने आहवान गरे। अर्कोतिर बीजीपीएम - टिएमसी उम्मेद्वार गोपाल लामाले पनि जोर शोरले चुनाव प्रचार गरिरहेका छन्। उनले पहाड़मा शान्ति, सौदार्द र रोजगारलाई मुख्य मुद्दा बनाउँदै पहाड़को पूर्व गौरव अनि गरिमालाई फकाई ल्याउने पहाड़को पर्यटन, चिया, शिक्षाको समग्र विकास गरिने भन्दै मतदाताहरूलाई आकर्षित गर्ने प्रयास गरिरहेका छन्। कांग्रेस र सीपीएमका साझा उम्मेद्वार मुनिस तामंगले आज कालेबुङ्मा चुनाव प्रचार गरे। कांग्रेसलाई स्थानीय हाम्रो पार्टीले पनि सघाई रहेको छ। चुनावी मौसममा एक अर्का माथि आरोप प्रत्यारोपको दौर जारी छ। भाजपा-जीजेएमएम , सीपीआरएम- गठबन्धनले टिएमसी की मुख्य मंत्री ममता व्यानर्जीमाथि तिखो हमला गरिरहेका छन् भने बीजीपीएम-टिएमसी दलहरूले केन्द्रको मोदी सरकार विरूद्ध हमला तेज गरेका छन्।

****** ० ******

**चुनाव प्रचार**

लोकसभा चुनावको पहिलो चरणको निम्ति प्रचार तिव्र भएको छ। राजनैतिक दलहरुका वरिष्ठ नेताहरु ले आ- आफ्नो उम्मीदवारहरुका समर्थनको लागि देशको विभिन्न भागहरुमा रैली अनि रोड शो गरिरहेका छन्। पहलो चरणमा 17 राज्य अनि चार केंद्र शासित प्रदेशहरुका लोकसभाको एक सय दुइ सीट साथै सिक्किम विधानसभाको 32 अनि अरुणाचल प्रदेशको 60 विधानसभा सिटको लागि आगामी 19 अप्रैलमा मतदान हुनेछ।

****** ० ******

**नेपाली नयाँ वर्ष २०८१**

गोर्खा सांस्कृतिक संस्थान खरसाङको आयोजनामा नेपाली नयाँ वर्ष २०८१ सांस्कृतिक शोभा यात्राको साथमा भव्य रूपमा पालन गरियो। खरसाङको आईएनए बस टर्मिनसबाट खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाका सहभागितामा शुरु भएको सांस्कृतिक शोभा यात्रा खरसाङ बजारए मोटर स्ट्याण्ड र रेलवे स्टेशन परिक्रमा गरेपछि खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनमा पुगेर समापन भएको थियो। उक्त सांस्कृतिक शोभा यात्रामा खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरू साथै विभिन्न तहका मानिसहरूले गोर्खा जातीय पहिरनको साथमा सहभागिता जनाएका थिए। आ- आफ्नो संस्थाहरूको ब्यानरको साथमा गीत गाउँदै र नृत्य गर्दै नेपाली नयाँ वर्ष २०८१ हर्षोल्लासको साथमा पालन गरियो। उक्त सांस्कृतिक शोभा यात्रामा भागोप्रमो समर्थित तृणमूल कांग्रेसका प्रार्थी गोपाल लामा पनि उपस्थित रहेका थिए। उनीसितै पूर्व सांसद शान्ता छेत्रीए भागोप्रमोका नेतृत्वहरु साथै गोर्खा सांस्कृतिक संस्थान खरसाङ र गोर्खा जनपुस्ताकालय खरसाङका प्रतिनिधिहरूए खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू उपस्थित थिए। खरसाङको नयाँ बजारस्थित टाउन सार्वजनिक भवनमा पुगेर समापन भएको कार्यक्रममा जातीय विभूति सम्मान कार्यक्रम को आयोजना पनि गरिएको थियो|

उक्त विभूति सम्मान कार्यक्रममा पद्मश्री पुरस्कार प्रापक वैज्ञानिक डा. एकलव्य शर्माए शान्ति लघु चलचित्रका निर्देशक विवेक राईए यसै फिल्मका पटकथा लेखिका छिमी ओङ्गुए वरिष्ठ साहित्यकार एवं साहित्य अकादमी पुरस्कार प्रापक युद्धवीर राणाए राष्ट्रिय स्तरमा खरसाङको नाम उच्च राख्ने फुटबल प्रशिक्षक क्रिस्पिन छेत्री आदिलाई विशेष सम्मान जनाइएको थियो |

****** ० ******

**ममता बनर्जी नव वर्ष को शुभकामना**

पश्चिम बंगाल की मुख्यमंत्री ममता बनर्जी ले नेपाली नव वर्ष को शुभकामना दिएकी छन् । माइक्रो ब्लॉगिंग साइट एक्समा उहाले एक पोस्ट जारी गर्दै सबै नेपाली भाषी भाइ बहिनीहरुलाई ए विशेष रूप ले पश्चिम बंगाल का पहाड़ी अनि डुआर्स तराई क्षेत्रका नेपाली भाषी मनिश्हरुलाई शुभकामनाएं दिएकी छन् |

यस उत्सवले हाम्रो हृदयमा खुशी ल्याउदछ हामीलाई भाइचाराको समान भावनाले जोड़दछ भनि उहाले बताएकी छन् |

****** ० ******

**बीपी बजगाई**

यसपालीको लोकसभा चुनाउमा भारतीय जनता पार्टीका प्रार्थी राजु विष्ट विरूद्ध प्रार्थीको रूपमा खड़ा भएका खरसाङका भाजपा विधायक बीपी बजगाईले आफ्नो सुरक्षा गार्डहरू केन्द्रले खोसिदिएको भन्दै अब यो चुनाउको समय राज्य सरकारले सुरक्षा दिनु पर्ने माग गरेका छन्। खरसाङका भाजपा विधायक बजगाईको शनिवार बिहानदेखि एक्स श्रेणीको राष्ट्रिय

स्तरको सुरक्षा फिर्ता लिएको बताइएको छ। उहाले अब सुरक्षाको निम्ति बंगाल सरकारसँग माग गरेका छन्। बीपी बजगाईले भाजपाका उम्मेदवार राजु विष्टविरुद्ध उम्मेदवारी दिएकाले उनको सुरक्षामा पहिलेको तुलनामा खतरा बढेको शर्माले दाबी गरेका छन्। उहाले श्पहिले भन्दा सुरक्षामा खतरा बढेको बेला र विशेष गरी सुरक्षाको खतरा झनै बढेको बेलामा मध्यरात १२रू३० बजीदेखि केन्द्र सरकारले सुरक्षा फिर्ता लिएको बताउदै उहाले सुरक्षाकर्मीहरू फिर्ता गरिएपछि उनको लागि खतरा बढेको बताएका छन्। उहाले पश्चिम बंगाल पुलिस समक्ष उहालाई २४ घण्टा सुरक्षा प्रदान गर्न अनुरोध पनि गरेका छन्। बजगाईले आफ्नो सुरक्षामा खतरा भएको विषयमा दार्जीलिङ जिल्ला पुलिस अधीक्षकलाई पनि पत्रचार गरेको बताइएका छन् ।

****** ० ******

**सन्देशखालीमा(सीबीआई) लाई प्राप्त५० शिकायत**

केन्द्रिय अन्वेषण ब्यूरो (सीबीआई) लाई पश्चिम बंगालको सन्देशखालीमा जमिनमा कब्जाए महिलाहरू विरुद्ध अत्याचार र अन्य अपराधहरूसित सम्बन्धित लगभग ५० शिकायत २४ घण्टामा प्राप्त भएको छ। सीबीआईलाई उक्त शिकायत ई-मेलको माध्यमद्वारा प्राप्त भएको छ। सीबीआईले बिहिवार एउटा ई-मेल आईडी जारी गरेको थियोए जहाँ मानिसहरूले शिकायत दर्ता गराउन सक्थे। अधिकारीहरूले बताए अनुसार ए केन्द्रिय जॉच एजेन्सीहरूले अब शिकायतहरूको आधारमा मामिला दर्ता गर्नअघि आरोपहरूको गहन जॉच गर्नु पर्नेछ। सीबीआईले पहिला आफ्नो ई-मेल आईडीमा प्राप्त प्रत्येक शिकायतको सत्यापनको प्रक्रिया शुरू गरेको छ र चॉडै प्राथमिकी दर्ता गर्न शुरू गरिने छ। सूत्रहरू अनुसारए राजनीतिक रूपमा प्रभावशाली व्यक्तिहरूद्वारा कथित रूपमा भूमि कब्जासित सम्बन्धित धेरै शिकायत प्राप्त भएको छ। यस अतिरिक्त महिलाहरू विरुद्ध कथित हमला सम्बन्धित शिकायत पनि प्राप्त भएको छए जसमाथि कारबाहीको निम्ति जॉच गर्रिंदैछ। शिकायतहरूमा लगाइएका आरोपहरूको प्राथमिक जॉचपछि मामिला दर्ता गरिने छ। उल्लेखनीय छए एजेन्सीले अगावै सन्देशखालीमा ईडीका अधिकारीहरूमाथि भएको हमलासॅग सम्बन्धित तीन मामिलाको जॉच गरिरहेको छ। तृणमूल कांग्रेसका निलम्बित नेता शाहजहॉ शेखले कथितरूपमा उक्साएको भीडले अधिकारीहरूमाथि हमला गरेको थियो।

****** ० ******

**सिलीगुड़ी- नकद जफ्त**

लोकसभा चुनाव 2024 को तारीखहरुको घोषणा हुन साथै सम्पूर्ण देशमा आदर्श चुनाव आचार संहिता लागू भइसकेको छ। शांतिपूर्ण अनि निष्पक्ष चुनाव गराउनका लागि पुलिस-प्रशासन अनि निर्वाचन आयोग ने कमर कस ली है। पुलिस अनि निर्वाचन आयोगका दलहरु ठाउँ-ठाउँमा जाँच गरिरहेका छन्। यसै क्रममा भक्तिनगर पुलिस अनि निर्वाचन आयोगको संयुक्त दलले हिज शुक्रवार अबेर राती सिलीगुड़ीको चेकपोस्ट नजिक जाँच अवधि एउटा कारबाट तीन लाख रुपियाँ नकद जफ्त गरेको छ। सुत्र अनुसार, लाखौ रापियाँसित पक्रा गरिएको वाहन चालकलाई जलपाईगुड़ी जिला शासकको नेतृत्व रहेको निगराणी दल समक्ष पेश हुन भनिएको बताइएको छ। उल्लेखनीय छ कि आदर्श चुनाव आचार संहिता लागू भए पछि कुनै पनि व्यक्तिले 50 हजार रुपियाँ भन्दा अधिक नकद लिएर यात्रा गर्न प्रतिबन्धित हुँदछ।

****** ० ******

**श्रद्धांजलि- जलियांवाला बाग नरसंहार**

राष्ट्रपति, उप-राष्ट्रपति अनि प्रधानमंत्रीले जालियांवाला बाग का शहीदहरु प्रति श्रद्धांजलि अर्पण गर्नु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले सोशल मीडियामा एउटा पोस्टमा भन्नुभयो कि स्वराजको लागि प्राणहरुको उत्सर्ग गर्ने सबै महान आत्माहरु प्रति राष्ट्र सदैव ऋणी रहनेछ। राष्ट्रपतिले विश्वास व्यक्त गर्नुभयो कि जालियांवाला बाग़मा आफ्नो प्राणको बलिदान दिने शहिदहरुको देशभक्तिको भावनाले आउने पीढ़िहरुलाई सदैव प्रेरित गरिरहनेछ। उप-राष्ट्रपति जगदीप धनखड़ले सोशल मीडियामा एउटा पोस्टमा देशवासीहरु सित स्वतंत्रता अनि न्याय को मूल्यहरुका लागि स्वयंलाई फेरि समर्पित गर्ने आग्रह गर्नु भएको छ।

प्रधानमंत्री नरेन्द्र मोदीले पनि जलियांवाला बाग नरसंहारका वीर शहीदहरुलाई श्रद्धांजलि दिनु भएको छ। पंजाबमा अमृतसरको जालियांवाला बागमा 13 अप्रैल 19 सय 19 मा बैसाखी को दिन भएको थियो यस नरसंहार कुनै हतियार रहित भारतीयहरु माथि ब्रिटिश जनरल डायरले गोली चलाएका थिए। यस घटनामा सैकडौं मानिसहरुको मृत्यु भएको थियो अनि धेरै मानिसहरु घायल भएका थिए।

****** ० ******

**नेता-जालियांवाला बाग श्रद्धांजलि**

गृह मंत्री अनित शाह साथै अन्य सबै पार्टीहरुका नेताहरुले पनि जालियांवाला बाग नरसंहारका शहीदहरुलाई श्रद्धांजलि दिएका छन्। कांग्रेस नेता राहुल गांधील, ओडिशाको मुख्यमंत्री नवीन पटनायक अनि आम आदमी पार्टीले पनि सोशल मीडियामा जलियांवाला बाग हत्याकांडमा ज्यान गुमाउने शहीदहरुलाई श्रद्धांजलि दिंदै स्मरण गरेका छन्।

****** ० ******

**प्रधानमंत्री भारतीय गेमर्स**

प्रधानमंत्री नरेंद्र मोदीले गेमिंग उद्योगसित जुड़ेका छह शीर्ष मानिसहरु सित यस उद्योगका नयाँ गतिविधिहरु बारेमा विचार-विमर्श गर्नुभएको छ। कुराकानीको अवधि श्री मोदले वर्तमान सरकारले गेमर्सको सृजनात्मकतालाई चिन्हारी दिएको बताउनुभयो। उहाँले सोशल मीडियामा गेमर्ससित आफ्नो कुराकानीको भिडियो पनि साझा गर्नुभएको छ। श्री मोदीले भन्नुभयो कि मानिसहरु यस क्षेत्रमा अघि बढ्न पर्नेछ अनि गेमिंग उद्योगलाई औपचारिक बनाउन पर्ने आवश्यकता माथि पनि प्रधान मंत्री ले जोड़ दिनु भयो। उहाँले भन्नुभयो कि सरकार देशमा गेमिंग अनि ई-स्पोर्ट्स उद्योगलाई सहायता प्रदान गर्न अनि यसलाई अघि बढ़ाउनमा सहायता प्रदान गर्नेछ। प्रधानमंत्रीले भारतीय पौराणिक कथाहरु अनि जलवायु परिवर्तनमाथि आधारित गेम शुरू गर्ने सलाह पनि दिनु भएको छ। उहाँले गेमिंग अनि गैम्बलिंग बीचको अंतर माथि चर्चा पनि गर्नुभयो।

****** ० ******

**केंद्र - दाल**

सरकारले भनेको छ कि दालहरुको निजी कारोबारमा लिप्त पाएको खण्डमा आवश्यक वस्तु अधिनियम अन्तर्गत कड़ा कार्रवाही गरिनेछ। उपभोक्ता मामलहरुको सचिव निधि खरेले आगामी 15 अप्रैलदेखि शुरु हुन गइरहेको दाल भंडारणमाथि ऑनलाइन निगराणीको मध्यनजर, दाल उद्योगका प्रतिनिधिहरु सित कुराकानीको अवधि यो कुरो बताउनु भएको हो। दालहरुको भंडारणको विषयमा उद्योग जगतदेखि प्राप्त जानकारी अनि बाजार प्रतिनिधिहरुदेखि प्राप्त जानकारीको तुलना गरिएको छ जसद्वारा दाल भंडारणमाथि ऑनलाइन निगराणी राख्न सकेयोस्। सचिव सुश्री निधि खरेले म्यामां देखि दाल आयात गर्ने संबंधमा राजधानी यांगून स्थित भारतीय दूतावास सित पनि कुराकानी गर्नु भएको छ। यो कुराकानी नयाँ विनिमय दरहरु अनि म्यांमामा आयातकहरुद्वारा गरिएको भंडारणको मद्देनजर भएको हो।

****** ० ******

**बाल साहित्य अकादमी पुरस्कार**

बाल साहित्य अकादमी पुरस्कार प्रापक खरसाङका साहित्यकार शिशुपाल शर्माको निधन भएको छ। उहाँको निधन हिज शुक्रबार राती 79 वर्षको उमेरमा खरसाङको अप्पर डुमारामस्थित घरमा भएको थियो। उहाँ गत केही समयदेखि सुगर र प्रेसर जस्ता बिमारले ग्रसित थिए। उहाँले 2012 सालमा बाल साहित्य अकादमी पुरस्कार प्राप्त गरेका थिए। उहाँको अन्तिम संस्कार आज सम्पन्न भएको छ। शिशुपाल शर्माको जन्म 9 मार्च 1945 मा भएको थियो। साहित्यकार शिशुपाल शर्माको निधनमा गोर्खा जनपुस्ताकालय खरसाङको तर्फबाट श्रध्दाञ्जली अर्पण गर्दै शोकित परिवारमा गहिरो शोक समवेदना प्रकट गरिएको पुस्तकालयको मूल सचिव विनोद रसाइलीले जानकारी दिनुभएको छ।

****** ० ******